# नेपाल-संस्कृत-विश्वविद्यालय
# परीक्षा-नियन्त्रण-कार्यालयको
## परीक्षा आवेदन-प्रपत्र (फाराम)
## भर्ने सम्बन्धी सूचना

नेपाल संस्कृत विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयद्वारा २०७९ सालमा सञ्चालन गरिने **एकवर्षे शिक्षाशास्त्री (One Year B.Ed.)** नियमित, आंशिक-२०७८ को वार्षिक परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरूले नियमानुसार परीक्षा आवेदन प्रपत्र (फाराम) भरी २०७९ साल पौष ४ गतेभित्र आ-आफ्नो विद्यापीठ/क्याम्पसमा वुझाउन सम्वद्ध सवैको जानकारीका निमित्ति यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन प्रपत्र (फाराम) ने.सं.वि. अन्तर्गतका आङ्गिक र सम्वन्धनप्राप्त सवै विद्यापीठहरूवाट प्राप्त गर्न सकिनेछ ।

**१. पञ्जीकरण (Registration) :-**

विश्वविद्यालयमा नाम दर्ताका लागि विद्यार्थीहरूले विद्यापीठमार्फत् परीक्षा नियन्त्रण कार्यालयमा आइपुग्ने गरी तत्काल पञ्जीकरण प्रपत्र (रजिष्ट्रेसन फाराम) भरी अनिवार्य रूपमा आफ्नो नाम पञ्जीकरण (Registration) गराउनुपर्नेछ र निम्नलिखित शुल्क पनि वुझाउनुपर्नेछ । अन्य विश्वविद्यालयवाट पूर्व परीक्षा उत्तीर्ण विद्यार्थीहरूले पञ्जीकरण प्रपत्रका साथ सक्कल प्रव्रजन प्रमाणपत्र (Migration) अनिवार्यरूपमा पेश गर्नुपर्नेछ र निम्नवमोजिम दर्ता एवं आव्रजन (Emigration) शुल्क समेत अनिवार्यरूपमा वुझाउनुपर्नेछ ।

**२. परीक्षा शुल्कहरू :-**

| तह | नियमित | | शिक्षण अभ्यास आवेदन शुल्क | अंग्रेजी समूहका लागि प्रयोगात्मक परीक्षा शुल्क | फाराम शुल्क | केन्द्र शुल्क | रजिस्ट्रेसन शुल्क | इमिग्रेसन शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| | प्रतिखण्ड पूरा | प्रतिपत्र आंशिक | | | | | | |
| वी.एड. | ७००/- | २००/- | २००/- | ६००/- | १५०/- | १५०/- | ३००/- | ३००/- |

**३. विलम्व शुल्क सम्वन्धमा :-**

परीक्षा आवेदन प्रपत्र (फाराम) वुझाउने म्याद भुक्तान भएको मितिले पहिलो हप्तासम्म रु. १००।-, दोस्रो हप्तासम्म रु. ५००।- जम्मा गरी आवेदन प्रपत्र (फाराम) वुझाउन सकिनेछ ।

**४. परीक्षा शुल्क पठाउने सम्वन्धमा :-**

परीक्षा-शुल्क ने.सं.वि. परीक्षा नियन्त्रण कार्यालयको राष्ट्रिय वाणिज्य वैंक तुलसीपुर शाखामा रहेको च.हि.नं. ४१६०१००००१९०५००१ मा रकम जम्मा गरेको सक्कल भौचर संलग्न गरी पठाउनुपर्नेछ ।

**५. परीक्षा आवेदन प्रपत्र (फाराम) भर्दा/भराउँदा ध्यान दिनुपर्ने कुराहरू :-**

(क) नियमित परीक्षार्थीहरूको हाजिरी प्रतिशत, विद्यापीठले अनिवार्यरूपमा परीक्षा फाराममा उल्लेख गर्नुपर्नेछ । अन्यथा फाराम स्वीकृत हुने छैन ।

(ख) नियमित परीक्षार्थीहरूले आवेदन प्रपत्रका साथ पूर्वपरीक्षाका लव्धाङ्कपत्र तथा शैक्षिक प्रगति विवरण प्रपत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरूपमा पेश गर्नुपर्नेछ ।

(ग) आंशिक परीक्षाका परीक्षार्थीहरूले परीक्षा आवेदन प्रपत्रमा प्रवेश वर्ष र प्रत्येक पटक परीक्षा दिएको वर्ष एवं अनुक्रमाङ्क क्रमैसंग अनिवार्यरूपमा भरी पूर्व लव्धाङ्कपत्रका प्रमाणित प्रतिलिपिहरू पनि अनिवार्यरूपमा पेश गर्नुपर्नेछ ।

(घ) उपर्युक्त वमोजिम परीक्षा शुल्क नपठाएमा, नियमानुसार परीक्षा आवेदन प्रपत्र नभरिएमा वा समयभित्र प्राप्त हुन नआएमा त्यस्ता परीक्षा आवेदन प्रपत्र (फाराम) स्वीकृत हुने छैनन् ।

(ङ) अभ्यास शिक्षण विषयमा मात्र अनुत्तीर्ण भएका विद्यार्थीहरूले पनि यसै सूचनाअनुसारको समय सीमाभित्र परीक्षा फाराम भर्नुपर्नेछ, अन्यथा अभ्यास शिक्षणमा सामेल गराइने छैन ।

६. परीक्षा आवेदन प्रपत्र (फाराम) विद्यापीठले राम्रोसंग रुजु गरी प्रत्येक विषयको नियमित/आंशिकको नामावली विवरण अलग-अलग भरी अंग्रेजी वर्णानुक्रमअनुसार तयार पारी आवेदन प्रपत्र भर्ने (विलम्व शुल्क वाहेकको) अन्तिम मितिले ७ दिनभित्र शुल्कसहित यस प.नि.का.मा अनिवार्यरूपमा आइपुग्ने गरी पठाउनुपर्नेछ । **राम्रोसँग परीक्षा आवेदन प्रपत्र नभरी विवरण फरक पर्न गएमा सम्बन्धित परीक्षार्थी वा विद्यापीठ नै जवाफदेही हुनेछन् ।**

७. शिक्षाशास्त्री सञ्चालन गर्न सम्वन्धन प्राप्त विद्यापीठहरूले केन्द्र सञ्चालन वार्षिक शुल्क रु. १०,०००।- (दशहजार) परीक्षा-शुल्कका साथै पठाउनुपर्नेछ ।

*द्रष्टव्य :-* परीक्षा कार्यक्रम तथा परीक्षा केन्द्र पछि निर्धारण गरिने हुँदा परीक्षा आवेदन प्रपत्र (फाराम) मा आफूले अध्ययन गरेको विद्यापीठ केन्द्र उल्लेख गरी पठाउनुपर्नेछ ।

दिनाङ्क :- २०७९ कार्तिक २९ गते,
वेलभ्रुण्डी, दाङ ।

.............................................
(डा. बाबुराम आचार्य)
परीक्षा नियन्त्रक
**परीक्षा-नियन्त्रक:**